'गरिवी विरुद्धको लडाइँ दयाले होइन, मानव अधिकारको प्रत्याभूतिले मात्र सम्भव हुन्छ ।'

५८ औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर २००६)

# सम्माननीय सभामुख श्री सुभाषचन्द्र नेम्वाङ्गसमक्ष प्रस्तुत गरिएको नागरिक स्मरण-पत्र

लोकतन्त्र र सामाजिक रुपान्तरणका लागि नागरिक अभियान
सचिवालय
बुद्धनगर, काठमण्डौं
फोन : ४७८१२१२/४७८२९०८
फ्याक्स : ४७८०५५९

'गरिवी विरुद्धको लडाइँ दयाले होइन, मानव अधिकारको प्रत्याभूतिले मात्र सम्भव हुन्छ ।'

सम्माननीय सभामुख श्री सुभाषचन्द्र नेम्वाङ्गज्यू,

नेपाल राज्यद्वारा गरिएको बिश्व मानव अधिकार घोषणापत्र लगायत अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरुको अनुमोदन र यसले ती दस्तावेजमा उल्लेखित मान्यताको अनिवार्य सम्मान र कार्यान्वयनप्रतिको प्रतिबद्धतालाई पुनः स्मरण गर्दै;

नेपालको इतिहासमा पटक-पटक भएका ऐतिहासिक जनसंघर्ष र त्यसपछिको कडीको रुपमा प्रस्तुत ऐतिहासिक जनआन्दोलन २०६३ पछिको परिवर्तन र त्यसमार्फत् अभिव्यक्त नेपाली जनताको इच्छा र चाहनालाई संस्थागत गर्दै लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा भएका सार्वभौम जनादेशको सम्मान गरी संविधान सभाद्वारा राज्यको अग्रगामी पुनर्संरचनामार्फत् देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिकलगायत् विविध समस्याको दीर्घकालीन समाधान गरी अग्रगमन, शान्ति र प्रगतिका लागि नेपाल सरकारद्वारा गरिएका संकल्पहरु स्मरण गर्दै;

मानव अधिकारको चरम उल्लंघनका कारण र परिणामका रुपमा रहेको गरिबी उन्मूलन, खाद्य सम्प्रभुता, विभेद र शोषणको अन्त्य, लैङ्गिक समानता, दलित, मधेशी, आदिबासी जनजाति बाल र अपाङ्गहरुको अधिकारको रक्षा र स्वाधीनताको प्रत्याभूतिका लागि राज्यद्वारा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएका प्रतिबद्धताहरु पुनः स्मरण गर्दै;

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गीयलगायत् सम्पूर्ण असमानताको दीर्घकालीन समाधान गर्न अब बन्ने अन्तरिम विधान, अन्तरिम संसद, अन्तरिम सरकार र संविधानसभाद्वारा निर्माण हुन गइरहेको नेपालको नयाँ संविधानमा अनिवार्यरुपमा उल्लेख गरी कार्यान्वयन गरिनुपर्ने महत्वपूर्ण सवालहरुलाई समावेश गर्दै तयार गरिएको यो नागरिक स्मरण-पत्रको मस्यौदालाई देशका आमनागरिक तथा तिनीहरु संगठित प्रतिनिधिमूलक संस्थाका ३३ वटा महासंघ, सञ्जाल, संघ-संगठन तथा समूहहरुको २०६३ मंसिर २१ गतेको बैठकले अनुमोदन गरेको उल्लेख गर्दै;

हामी तल उल्लेखित सवालहरुसहितको नागरिक स्मरण-पत्र सम्माननीय सभामुखसमक्ष प्रस्तुत गर्दछौं । सम्माननीय सभामुखबाट नेपालको अन्तरिम विधान, अन्तरिम सरकार, अन्तरिम संसद र नयाँ संविधान निर्माण प्रक्रियामा प्रस्तुत सरोकारहरुलाई गम्भीरतापूर्वक लिनुहुन अनुरोध गर्दछौं ।

सरोकारहरु

अब बन्ने अन्तरिम विधान, अन्तरिम सरकार र अन्तरिम संसद सम्पूर्णरुपमा समावेशी हुनुपर्दछ । संविधानसभामार्फत् निकट भविष्यमा निर्माण हुन गइरहेको संविधानमा सबै क्षेत्र, वर्ग, जातजाति, लिङ्ग तथा पछाडि पारिएका समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ ।

मानव अधिकारको चरम उल्लंघनको प्रमुख कारण र परिणामका रुपमा रहेको गरिबी उन्मूलन र नागरिकको खाद्य सम्प्रभुताको संवैधानिक सुनिश्चितता गरिनुपर्दछ ।

राज्यका सबै संरचनामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुनेछ भन्ने प्रतिनिधिसभामार्फत् २०६३ जेठ १६ गते भएको घोषणालाई यथाशीघ्र कार्यान्वयन गर्दै निकट भविष्यमा नै सबै क्षेत्रमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ । महिलाको प्रजनन् स्वास्थ्य तथा मातृत्व सुरक्षा अधिकारलाई मानव अधिकारका रुपमा संवैधानिक सुनिश्चितता गरिनुपर्दछ । आमाकोनाममा नागरिकता प्रदान गर्ने संसदको निर्णयलाई सम्बिधानतः बनाउन्

पर्दछ । शान्ति प्रकृया तथा राज्यको पुनर्निर्माणमा महिलाहरुको अनिवार्य प्रतिनिधित्व हुनु पर्दछ ।

समाजबाट जातीय भेदभाव र छुवाछुत समूल अन्त्य गर्दै नेपाल राष्ट्रलाई यथार्थमा नै भेदभाव मुक्त राष्ट्र बनाउन सन् २००७ देखि २०१७ सम्मको अवधिलाई दलित अधिकार दशक घोषणा गरी सो अवधिभर सम्पूर्ण भेदभाव र छुवाछुत विरोधी राष्ट्रिय अभियान संचालन गरिनुपर्दछ । दलितलाई विशेष अधिकार र आरक्षण व्यवस्था गरिनुपर्दछ । दलित अधिकार संरक्षण र प्रत्याभूतिका लागि संवैधानिक दलित आयोग व्यवस्था गरिनुपर्दछ ।

राज्यका सबै तहमा अपाङ्गहरुको सम्मानजनक प्रतिनिधित्व हुने व्यवस्था गरिनु पर्दछ । संविधान सभामा अपाङ्गहरुको सबै क्षेत्रबाट पर्नेगरी १० प्रतिशत प्रतिनिधित्वको सुनिश्चितता गरिनु पर्दछ । राज्यको नयाँ संरचनामा अपाङ्गहरुको अनिवार्य प्रतिनिधित्व गरिनु पर्दछ ।

राज्यका हरेक निकाय र अब बन्ने अन्तरिम सरकार, अन्तरिम संसद र संविधानसभामा आदिवासी जनजाति, दलित र महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ ।

संविधानसभा निर्वाचनमार्फत् समावेशी, सहमतीय र समानुपातिक सिद्धान्तका आधारमा नयाँ संविधान निर्माण गरी साँस्कृतिक तथा आर्थिक अधिकार, समानुपातिक प्रतिनिधित्व र जातीय तथा क्षेत्रीय स्वशासनको अवधारणाअनुसार राज्य पुनर्संरचना गरिनुपर्दछ ।

भाषिक समानताको सिद्धान्त अवलम्बन गरिनुपर्दछ र सबै भाषाभाषी जनताको अधिकार संविधानमा सुनिश्चित गरिनुपर्दछ । सबैखाले भाषा, धर्म र संस्कृतिको स्वतन्त्रताको अधिकार सुनिश्चित गरिनुपर्दछ र नेपाललाई संविधानत धर्म निरपेक्ष राज्य घोषणा गरिनु पर्दछ ।

शिक्षालाई अधिकारका रुपमा स्थापित गरिनुपर्दछ । निःशल्क तथा अनिबार्य आधारभुत शिक्षालाई बालबालिकाको अधिकार र राज्यको दायित्वको रुपमा सम्बिधानमा नै ब्यवस्था हुनुपर्दछ ।

राज्यका सबै निकाय र नेतृत्व पंक्तिमा लोकतान्त्रिक प्रकृयाद्वारा युवा प्रतिनिधित्व सुनिश्चित गरिनुको साथै तिनीहरुको नेतृत्व विकासलाई संस्थागत गरिनु पर्दछ ।

बालबालिकाका बिकास र संरक्षण लगायत सम्पूर्ण अधिकारको ग्यारेण्टी गरिनुपर्दछ । अप्ठ्यारो तथा जोखिम परिस्थितिका बालबालिकाको संरक्षणका लागि उपयुक्त बिशेष व्यवस्था गरिनुपर्दछ । र, बालबालिका शान्तिक्षेत्र हुन् भन्ने अवधारणाको सम्मान हुनुपर्दछ ।

प्राकृतिक स्रोत व्यवस्थापन, संरक्षण, प्रवर्द्धन तथा उपभोगमाथि स्थानीय जनताको अधिकार सुनिश्चित गरिनुपर्दछ । पिउने पानी तथा स्वास्थ्य अधिकारलाई नागरिकको मौलिक अधिकारका रुपमा संवैधानिक सुनिश्चितता गरिनुपर्दछ ।

भुमीलगायत् उत्पादनका सबैखालेस्रोत र साधनमाथि श्रमको अधिकार र नियन्त्रण रहने सुनिश्चितता गरिनुपर्दछ । हलिया, कमैया, कमलरी, हरुवा, चरुवा, बालीघरे जस्ता शोषणमुखी कुप्रथा व्यवहारबाटै उन्मूलन गर्न राष्ट्रिय अभियान सञ्चालन गरिनुपर्दछ । भूमिमाथिको असमान स्वामित्व अन्त्य गर्दै न्यायोचित भूमि व्यवस्थापन गरिनुपर्दछ ।

सबै श्रमजीवी वर्गलाई ट्रेड युनियन अधिकारको सुनिश्चितता प्रदान गरिनु पर्दछ । राज्यको नीति निर्माण तथा कार्यान्वयन तहमा श्रमिकको प्रतिनिधित्व तथा समावेशी लोकतान्त्रिक राज्य व्यवस्थामा श्रमिक वर्गको सहभागिता र पहुँच पुर्‍याउने संयन्त्र निर्माण गरिनुपर्दछ ।

कृषि उत्पादन तथा वितरणका साधनमा किसानको अधिकार सुनिश्चितता गरिनुपर्दछ । खाद्यान्नमा किसानको पहुँच र नियन्त्रणको अधिकार कायम गरिनुपर्दछ ।

आवास अधिकारलाई मानव अधिकारका रुपमा स्थापित गरिनुपर्दछ । सुकुम्बासी तथा अव्यवस्थित शहरी गरीबको बसोबास अधिकारलाई संवैधानिक प्रावधानद्वारा सुनिश्चित गरिनुपर्दछ ।

'गरिवी विरुद्धको लडाइँ दयाले होइन, मानव अधिकारको प्रत्याभूतिले मात्र सम्भव हुन्छ।'

जेष्ठ नागरिकको सामाजिक सुरक्षाको अधिकारलाई संवैधानिक सुनिश्चितता प्रदान गरिनुपर्दछ तथा जेष्ठ नागरिकहरुमा रहेका अनेकन शिप, शिक्षा र अनुभवहरुलाई नयांपुस्तामा हस्तान्तरण गर्ने प्रकृया अपनाउन राज्यद्वारा जेष्ठ नागरिकहरुको संरक्षण र सशक्तिकरणको लागि संस्थागत व्यवस्थाहुनुपर्दछ।

सम्पूर्ण पेशाकर्मीहरुको पेशागत हकहितको सम्मान गरिनुपर्दछ।

नागरिकका सबैखाले अधिकारको संवैधानिक सुरक्षा तथा प्रवर्द्धन गरिनुपर्दछ।

जनआन्दोलनमा शहादत प्राप्त गर्नेका परिवार र जनआन्दोलनका घाइतेको सामाजिक तथा आर्थिक सुरक्षा सुनिश्चित गरिनुपर्दछ।

जनआन्दोलन दमन छानबिन गर्न गठित अधिकार सम्पन्न उच्चस्तरीय आयोगले दोषी ठहऱ्याएका दमनकारीहरु उपर यथाशीघ्र कानुनीकारबाही गरी देशमा दण्डहीनताको स्थिति अन्त्य गरिनुपर्दछ।

जनआन्दोलनको भाबना अनुसार राष्ट्रिय मानव अधिकार आयोगलाई सम्वैधानिक अंग बनाई सोको स्वतन्त्रता, स्वायत्तता र संस्थागत बिकासमा राज्यले ध्यान दिनुपर्दछ।

नेपाल अहिले बृहत्तर शान्ति प्रकृयाको माध्यमबाट राष्ट्रिय पुनर्निर्माणको प्रकृयामा प्रवेश गरेको हुँदा अब आधारभुत बिकासका संरचना पुनर्निर्माण गर्दा खासगरी सशस्त्र संघर्ष प्रभावित क्षेत्रमा जनआन्दोलनको भावना अनुसार राष्ट्रिय पुनर्निर्माण योजना बनाई जनताको दीगो बिकासको अधिकार सुनिश्चित गरिनुपर्दछ।

देशमा भैरहेको वृहत्तर शान्ति प्रकृयामा नागरिकहरुको सहभागी हुने अधिकारलाई सुनिश्चित गरिनु पर्दछ।

अन्तरिम विधान, अन्तरिम सरकार, अन्तरिम संसद र नयाँ संविधान निर्माणका क्रममा समावेश गरिनुपर्ने विषयका बारेमा कुरा राख्न यो नागरिक स्मरण-पत्र आज मिति २०६३ मंसिर २४ गते सम्माननीय सभामुखमा प्रदान गर्दछौं।

<u>लोकतन्त्र र सामाजिक रुपान्तरणका लागि नागरिक अभियानका</u> तर्फबाट

- गैरसरकारी संस्था महासंघ, नेपाल
- नेपाल आदिबासी जनजाति महासंघ
- मानवअधिकार एलायन्स
- सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल
- दलित गैरसरकारी संस्था महासंघ, नेपाल
- राष्ट्रिय खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, नेपाल
- राष्ट्रिय सिचाई जल उपभोक्ता महासंघ, नेपाल
- राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल
- पेशागत महासंघ, नेपाल
- महिला सुरक्षा दबाव समूह
- राष्ट्रिय भूमि अधिकार सरोकार समूह
- शान्तिका लागि नागरिक ऐक्यबद्धता
- मानव अधिकार जोगाऔ आन्दोलन, नेपाल
- दलित महिला संघ
- नेपाल शिक्षक युनियन
- अन्तर धार्मिक परिषद् नेपाल
- नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)
- नेपाल ट्रेड युनियन कांग्रेस
- नेपाल प्रजातान्त्रिक ट्रेड युनियन महासंघ (डिकोन्ट)
- राष्ट्रिय जनवकालत मञ्च, नेपाल
- प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपाल
- नेपाल तरुण दल
- एक्सनएड नेपाल
- गरिबी उन्मूलनका लागि दक्षिण एशिया मञ्च (SAAPE)
- नेपाल तरुण दल (प्रजातान्त्रिक)
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
- नेपाल विद्यार्थी संघ (प्रजातान्त्रिक)
- अखिल नेपाल किसान संघ
- अखिल नेपाल महिला संघ
- शान्तिका लागि नागरिक ऐक्यबद्धता